गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
१ नं. प्रदेश नेपाल
वेव: www.gangadevmun.gov.np
ई-मेल: gangadevmun@gmail.com
फोन: ९८२९५०९२४५/९८४५५७०४००

पत्र संख्या : २०७७/०७८
सूचना नः 2

मितिः २०७७।०४।२९

## गंगादेव गाउँपालिकाको सार्वजनिक सूचना ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०४/२६ गतेको निर्णय तथा गृह मन्त्रालयको च.नं.३७९ /३९१ तथा मिति २०७७/०४/२८ को पत्रानुसार विश्वव्यापी महामारीको रुप लिएको COVID-19 को रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट पटक/पटक जारी भएका सूचनाहरुका अतिरिक्त मिति २०७७/०४/२९ गतेदेखि लागु हुने गरी देहाय बमोजिमको आदेश अत्यन्त संवेदनशील भई उच्च प्राथमिकताका साथ पूर्ण कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट जारी हुँदै आएको सवारी पास व्यवस्थालाई कोभिड-१९ संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरी सवारी पास वितरण कार्य पूर्ण रुपमा बन्द गर्ने परिपत्र आएको हुदा गंगादेव गा पा बाट पनि दिइदै आएको सवारी पास वितरण कार्य पुर्ण रुपमा बन्द गर्ने ।

२. अत्यावश्यक बाहेकका कुनै प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेला जस्ता सामूहिक जमघट हुने कार्यहरु नगर्ने / नगराउने ।

३. सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघसंस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय / निकाय एवं संघसंस्थाहरुले विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

४. धार्मिक स्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने नगराउने । चाडपर्वहरु आआफ्नै घर भित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।

५. फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साईकलमा सञ्चालन भईरहेका तरकारी, फलफूल, खाद्यान्न, लत्ता कपडा लगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलन जस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुँदा भीडभाड बढ्ने र कोभिड-१९ को संक्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई नगर्ने नगराउने । हाल उद्योग व्यवसाय सञ्चालन गर्न निजी तथा सार्वजनिक निर्माणको काममा लगाईएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्वन गर्न लगाई उद्योग / कलकारखाना / सार्वजनिक तथा निजी निर्माणको परिसर भित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रवन्ध समेत गर्ने।

७. शैक्षिक संस्थाहरु, बिद्यालय, कलेज, ट्यूशन सेन्टरहरु, तालिम केन्द्रहरु) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सवार लगायतका मनोरञ्जनस्थल, सैलुन, ब्यूटीपार्लर तथा स्वीमिङ पुल, जिमखाना लगायतका हेल्थ क्लव, समुहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति, सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल, पुस्तकालय, संग्रहालय र चिडियाखाना सञ्चालन नगर्ने नगराउने ।

८. होटेल तथा रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअवे) मात्र संचालन गर्ने गराउने ।

९. अति आवश्यक काममा बाहेक घर बाहिर ननिस्कने, निस्कनु परेमा अनिवार्य रुपमा मास्क प्रयोग गरेर मात्र निस्कने । घर बाहिर हिंडडुल गर्दा, सार्वजनिक स्थलमा जाँदा अनिवार्य रुपमा कम्तीमा २ मिटरको सामाजिक दूरी कायम गरेर मात्र आवतजावत गर्ने । सार्वजनिक सेवा प्रवाह गर्ने सार्वजनिक निकायहरुमा सेवाग्राही तथा सेवा प्रदायकले अनिवार्य रुपमा २ मिटरको सामाजिक दूरी कायम गर्ने, अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र साबुनपानीले बारम्बार हात धुने तथा सेनिटाईजरको प्रयोग गर्ने । अनावश्यक रुपमा भिडभाड नगर्ने, स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड अनिवार्य रुपमा परिपालना गर्ने ।

१०.संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी यस आदेशको परिपालना नगर्ने वा काममा बाधा पुयाउने व्यक्तिलाई सोही ऐन बमोजिम सजाय हुने व्यहोरा समेत अनुरोध छ ।

यादव